कानुनी सहायताः परिचय

प्रत्येक नागरिकलाई आफ्ना हक अधिकार प्रति सजग र सचेत गराई असहाय र पिछडिएका वर्गको समेत न्यायमा पहुँच पुर्याइ सबैका लागि समान न्याय (Equal justice for all) भन्ने मान्यतालाई व्यवहारमा उतार्न कानुनी सहायताको महत्व छ।[1] कानुनी राज्यको सिद्वान्त अनुरुप सबैलाई समान रुपमा न्याय उपलब्ध गराउन आवस्यक भएकोले आर्थिक र सामाजिक कारणबाट आफ्नो कानुनी हक हितको संरक्षण गर्न नसक्ने असमर्थ व्यक्तिको लागि आवस्यक कानुनी सहायता उपलब्ध गराइन्छ।न्यायमा पहुँच पुर्याउने विभिन्न उपाय मध्ये कानुनी सहायता पनि एक हो। निरपेक्ष गरीवीको रेखा मुनी रहेको जनसंख्या धेरै भएको हाम्रो जस्तो मुलुकमा आर्थिक रुपमा विपन्न, अशिक्षित र पिछडिएका बर्गको मानिसका कानुनी अधिकारको रक्षा र प्रतिनिधित्वको लागि त कानुनी सहायता झनै अपरिहार्य हुने अन्तर्राष्ट्रिय महासन्धीहरुदेखि राष्ट्रिय कानुन समेतद्धारा तोकिएको दायित्व बमोजिम असक्षम पक्षहरुलाई कानुनी उपचारको लागी आवश्यक सहयोग गर्नुराज्यको कर्तव्य नै ठानिन्छ । नेपालको संविधानको धारा २० को उपधारा १० मा असमर्थ पक्षलाई कानुन बमोजिम निःशुल्क कानुनी सहायता पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ।

कानुनी सहायता र नेपालको न्यायपालिका

न्यायमा पहुच अभिवृद्धि हाम्रो न्यायपालिकाको सर्वकालिन प्राथमिकताको क्षेत्र हो।यद्यपि अदालतले मात्र न्यायमा पहुँचको समग्र पक्षलाई सम्बोधन गर्न सम्भव नहुने र मलुकको आर्थिक, सामाजिक, शैक्षिक विकासको स्तर र भौगोलिक अवस्था कारण न्यायको पहुँचमा पर्ने अवरोधहरुको सम्बोधन राज्यका अन्य जिम्मेवार निकायबाटै गरिनु पर्दछ।अदालत प्रर्वेश गरेका सेर्वाग्राहीका हकमा भने अदालतले नै काम गर्नु पर्ने हुन्छ।

नेपालको सन्दर्भमा असमर्थ पक्षको हकमा वैतनिक कानुन व्यवसायीले बहस पैरबी गरिदिने गरी कानुनी सहायताको अबधारणा २०१५।३।१२ गतेको सर्वोच्च अदालतको फूलकोर्टको निर्णयले शुरु भएको थियो।

---

[1] नेपालमा कानुनी सहायता प्रणाली सम्बन्धी अध्ययन (२००५) **USAID, pg.14**

हालका दिनमा अदालतका नियमावलीहरुमा गरिएको व्यवस्था अनुसार सबै जिल्ला अदालत र उच्च उदालतमा वैतनिक कानुन व्यवसायीको सेवा अदालतमा उपलब्ध छ।सुरुवातका दिनहरुमा ६० वर्ष नाघेको र १६ वर्ष मुनिका असमर्थ पक्षलाई वैतनिक कानुन व्यवसायी मार्फतको कानुनी सहायता दिने गरिएकोमा हाल वैतनिक कानुन व्यवसायी मार्फत कानुनी सहायता प्रदान गर्ने कार्य बृद्ध र नाबालकमा मात्र सीमित नरही अशक्त, आर्थिक रुपमा विपन्न, असक्षम, थुनुवा लगायतमा बिस्तार भएको छ।न्यायपालीकाको पञ्चवर्षिय रणनीतिक योजना (२०६१/०६२–०६६/०६७) ले पनि गरीब र असहाय बर्गका लागि कानुनी सहायता कार्यक्रमलाई संस्थागत बनाउने रणनीतिक योजना अघि सारेकोमा दोश्रो र तेस्रो रणनीतिक योजनाले समेत कानुनी सहायताको मान्यतालाई महत्वका साथ निरन्तरता दिएकोहालको चौथो रणनीतिक योजना (२०७६/०७७-२०८१/०८२) मा मुख्यतः न्यायको सहज पहुँचमा रहेका अवरोधको पहिचान गरी सुधार गर्ने नीति लिइएको छ । स्वेच्छिक (प्रो-बोनो) कानुनी सहायता र वैतनिक कानुन व्यवसायीको सेवाको विस्तार र सुदृढिकरणलाई पनि समावेश गर्नुका साथै हरेक अदालतमा सेवाग्राही परामर्श कक्ष तथा सहायता कक्ष सुदृढ बनाउने जस्ता कार्यक्रमलाई प्राथमिकता दिइनुका साथै वैतनिक कानुन व्यवसायीको नियुक्ति तथा सेवाका सर्त सम्बन्धि निर्देशिका लागु गरिएको छ।

कानुनी सहायता सम्बन्धमा भएका केही कानुनी व्यवस्थाहरु

अन्तर्राष्ट्रिय महासन्धीहरुमा भएका ब्यबस्था

अन्तर्राष्ट्रिय महासन्धी, प्रतिज्ञापत्र आदिले असहाय असक्षमलाई कानुनी सहायता उपलब्ध गराउनु राज्यको दायित्व रहेको कुरालाई संस्थापित गरेकाछन् । अझ फौजदारी अभियोगमा त अन्तर्राष्ट्रिय कानुनका दस्ताबेजहरुले कानुनी सहायता प्राप्त गर्नुलाई ब्यक्तिको मानव अधिकारसंग जोडेका छन् ।

नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ को धारा १४(घ),बालअधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ३७(४),संयुक्त राष्ट्र संघको कानुन व्यवसायीहरुको भूमिका सम्बन्धी मूलभूत सिद्धान्त,१९९० थुनामा रहेका व्यक्तिहरुको सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र सघंद्वारा जारी गरिएको मान्य सिद्धान्तहरु, १९८८, बन्दीहरु सँग गरिने व्यवहार सम्बन्धी संयुक्त राष्ट्र सघंको आधारभूत न्यूनतम नियमहरु,१९५५ मा आफू विरुद्ध लागेका मुद्दामा आफै वा कानुन व्यवसायीनियुक्त गरी प्रतिराक्षा गर्ने असमर्थ रहेका गरीव तथा असहाय पक्षहरुको पनि न्याय प्रणालीमा समान र सहज पहुँच हुने मान्यतालाई आधार मानेर त्यस्ता पक्षलाई निशुल्क कानुनी सहायता पाउने अधिकार रहने व्यवस्था गरिएकोछ।

(ख) राष्ट्रिय कानुनमा भएका ब्यबस्था

१. नेपालको संविधान

२. कानुनी सहायता सम्बन्धी ऐन, २०५४

३. कानुनी सहायता नियमावली, २०५५

४. सर्वोच्च अदालत नियमावली, २०७४

५. उच्च अदालत नियमावली, २०७३ र

६.जिल्ला अदालत नियमावली, २०७७.

७.वैतनिक कानुन व्यवसायीको नियुक्ति तथा सेवाका सर्त सम्बन्धि निर्देशिका, २०७६

८. जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३,

९. घरेलु हिंसा (कसूर र सजाय)ऐन,२०६६ तथा

१०.अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४

नेपालमा कानुनी सहायता उपलब्ध गराउने निकाय र संयन्त्रहरु

कानुनी सहायता सम्बन्धी ऐन, २०५४ मा कानुनी सहायता संयन्त्रको रुपमा केन्द्रियस्तरमा केन्द्रिय कानुनी सहायता समिति र जिल्लास्तरमा जिल्ला कानुनी सहायता समितिको व्यवस्था रहेको छ।जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३, घरेलु हिंसा (कसूर र सजाय)ऐन,२०६६ तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ लगायत ऐनहरुमा जेष्ठ नागरिक, घरेलु हिंसा पीडित तथा अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क कानुनी सहायता उपलब्ध गराउने गरी विशेष व्यवस्थागरिएको पाइन्छ।राष्ट्रिय महिला आयोग, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, अन्य सरकारी निकाय, नेपाल बार एसोसिएसन र अन्य गैरसरकारीसंस्थाको तर्फबाट समेत निःशुल्क कानुनी सहायता उपलब्ध गराउँदै आएको छ।अदालतबाट निःशुल्क कानुनी सहायता उपलब्ध गराउने प्रयोजनकोलागि कानुनी सहायता शाखा र वैतनिक कानुन व्यावसायीको व्यवस्था गरीएको।

वैतनिक कानुन व्यवसायी

अदालतबाट निःशुल्क कानुनी सहायता उपलब्ध गराउने प्रयोजनकोलागि हाल सर्वोच्च अदालतमा दुइ जना र उच्च तथा जिल्ला अदालतमा एक एकजना वैतनिक कानुन व्यावसायी रहने व्यवस्था मिलाईएको छ।

अदालतका नियमावलीहरुमा गरिएको व्यवस्था वैतनिक कानुन व्यवसायीको नियुक्ति तथा सेवाका सर्त सम्बन्धि निर्देशिका अनुसार हाल वैतनिक कानुन व्यवसायीको सेवालाई मुद्दाका

पक्षहरुको तर्फबाट इजलास समक्ष बहस पैरवी गर्ने मात्र नभइ आवस्यकता अनुसार कानूनि लिखत तयारी परामर्श सेवा साक्षी परीक्षणका साथै असमर्थ पक्षको तर्फबाट तारेख समेत लिने गरी निःशुल्क कानुनी सहायता सेवाको क्षेत्र विस्तार भएकोछ।

वैतनिक कानुन व्यवसायीको काम, कर्तव्य तथा अधिकार

वैतनिक कानुन व्यवसायीको नियुक्ति तथा सेवाका सर्त सम्बन्धि निर्देशिकाको दफा ७ र अदालतका नियमावलीहरुमा गरिएको व्यवस्था अनुसार वैतनिक कानुन व्यवसायीलाई मुख्यतः निम्नानुसारका काम कर्तव्य र अधिकार तोकिएको हुँदा पक्षसंगको निजको सम्बन्धलाई सोही सन्दर्भमा हेर्नु पर्ने हुन्छ ।

वैतनिक कानुन व्यवसायीको काम कर्तव्य र अधिकार तथा पक्षसंगको अन्तर सम्बन्ध आयामहरु

क. **परामर्श दिनेः** मुद्दा संग सम्बन्धित विषयमा/ मुद्दामा भएका काम कारवाही र अवस्थाको विषयमा परामर्श दिने, यदि कुनै मुद्दामा मेलमिलाप हुन सक्ने भए मेलपिलाप बारे परामर्श दिने वैतनिक कानुन व्यवसायीको कर्तव्य हुन्छ।

ख. **लिखत मस्यौदा र तयारी गर्नेः** आफुलाई तोकीएका मुद्दामा पक्षहरुका तर्फबाट पेश गर्नु पर्ने आवस्यक कानुनी लिखतहरुको तयारी वैतनिक कानुन व्यवसायीले गर्नुपर्दछ। मिलापत्र हुनेमा असहाय पक्षको तर्फबाट मिलापत्रको दर्खास्तपनि वैतनिक कानुन व्यवसायीले दिनुपर्ने हुन्छ। पुनरावेदन गर्नुपर्ने भएमा पक्षको तर्फबाट आवस्यकता अनुसार पुनरावेदनपत्र तयार गर्ने, पक्षहरुको प्रतिनिधित्व र बहस पैरवि गर्ने तथा पक्षहरुलाई आवश्यक समन्वय र सहयोगपनि वैतनिक कानुन व्यवसायीको कर्तव्य हुन्छ।

वैतनिक कानुन व्यवसायीले परामर्श दिने अवस्थाहरु

पक्षहरुलाई अदालतमा दिइने परामर्श

- वैतनिक कानुन व्यवसायी नियुक्त भएको मुद्दामा पक्षलाई मुद्दासंग सम्बन्धित विषयमा आवश्यक परामर्श दिने,
- वैतनिक कानुन व्यवसायी नियुक्त भएको मुद्दामा भएको काम कारबाही र अवस्थाका बारेमा पक्षलाई जानकारी गराउने
- मेलमिलाप हुन सक्ने मुद्दामा सम्बन्धित पक्षलाई मेलमिलापका लागि प्रोत्साहित गर्ने

कारागार भ्रमण र पक्षहरुको परामर्श

सर्वोच्च अदालत नियामावली, २०७४,को नियम १४४(२)(घ)ले अदालतले तोकेको कारागारको भ्रमण गरी थुनुवा , असहाय असक्षम पक्षलाई कानुनी सहायता प्रदान गर्नुपर्ने भनी उल्लेख गरेको छ।त्यसै गरी उच्च अदालत नियमावली, २०७३ र जिल्ला अदालत नियमावली, २०७५ को नियम १०२(२)(घ) ले पनि सो व्यवस्था गरेको छ। वैतनिक कानुन व्यवसायीको नियुक्ति तथा सेवा शर्त सम्बन्धी निर्देशिका, २०७२ को बुँदा नं ७(ख) ले जिल्ला अदालतमा नियुक्त वैतनिक कानुन व्यवसायीले कम्तिमा पन्ध्र दिनमा १ पटक र उच्च अदालत र सर्वोच्च अदालतमा नियुक्त हुने वैतनिक कानुनव्यवसायीले महिनामा १ पटक कारागारको भ्रमण गरी थुनुवा कैदीको तर्फवाट प्रतिरक्षा गर्नुपर्ने भएमा सो सम्बन्धी आवश्यक कार्य गर्नुपर्ने भनी व्यवस्था गरेको छ।

पक्षहरुसँगको परामर्श, विद्यमान अवस्था र चुनौतिहरु

पक्षहरुसँगको परामर्श

परामर्शको अधिकार कानुनी सहायता र उपचारसँग प्रत्यक्ष जोडिएको हुन्छ।कानुन व्यवसायीको पक्षसँगको परामर्शलाई कानुनी शासन कायम गर्ने सन्दर्भमा राज्यको दायित्व अन्तर्गत मानिन थालिएको छ।पक्षसँग सम्पर्क, सम्बन्ध र संवादका आधारमा कानुन व्यवसायीले देखाउने आचरण र व्यवहार, प्रदर्शन गर्ने सीप, कला, आर्जन गर्ने विश्वास, प्रभाव

पार्न सक्ने क्षमता र देखाउने धैर्यता र सहनशिलता, श्रवण शक्ति जस्ता कुराले प्रभावकारी भूमिका निर्वाह गर्छ।कानुन व्यवसायीसँग जोडिने विषयवस्तु, तथ्य, प्रमाण, कागज कानुन ब्यबसायी आफूले सृजना गर्ने नभई सोसँग जोडिएका पक्ष, व्यक्ति, समुदाय सबैले सहयोग गरेमा मात्र प्राप्त हुन्छ, र मुद्दालाई सही रुपमा केलाई पक्षको तर्फबाट वकालत गर्दा वढि प्रभावकारी हुन्छ। ती प्रमाण, कागज, विषयवस्तु र तथ्य पक्षको सहयोग विना प्राप्त नहुने र पक्षले सबै कुरा कानुन व्यवसायीलाई वास्तविक रुपमा सत्य तथ्य कुरा नबताउने हुँदा, त्यसको प्राप्तिका लागि कानुन व्यवसायीले निश्चित व्यवसायिक कला कौशलको प्रदर्शन गरी पक्षको विश्वास जित्न सक्नु पर्ने हुन्छ।

ती कलाहरु मध्ये पक्षसँगको संवाद र परामर्श एउटा महत्वपूर्ण कला मानिन्छ। यसले पक्षको ज्ञान र दृष्टिकोणमा परिवर्तन ल्याई कानुन व्यवसायीप्रति पक्षको विश्वास वढाउने कलाको रुपमा लिने सकिन्छ ।

चुनौतिहरु

- भाषागत बिबिधता रहने अबस्था सिर्जना हुँन सक्ने अबस्थामा सेवाग्राही परामर्श लिनबाट बञ्चित हुन सक्छन,
- पक्षले आफ्ना समस्या ब्यक्त नै गर्न नसक्नु,
- पक्ष वा सेवाग्राहीले वैतनिक कानुन ब्यबसायीलाई बिश्वास गर्न नसक्नु कतिपय अवस्थामा पक्षहरुको गुनासो कायमै रहनु
- लैङ्गिक हिंसाबाट पीडित महिला, बालबालिका तथा सशस्त्र द्वन्दबाट पीडित ब्यक्तीलाई निःशुल्क कानुनी सहायता उपलब्ध गराउने ब्यबस्था गर्न,
- त्यस्ता महिला, बालबालिका तथा सशस्त्र द्वन्दबाट पीडित ब्यक्तीलाई सामाजिक तथा पारिवारिक अबरोध हुने भएकाले सुरक्षित स्थानबाट परामर्श सेवा उपलब्ध गराउन,
- मनोसामाजिक परामर्श उपलब्ध गराउने सम्बन्धमा,

- वैतनिक कानुन व्यवसायीमा बिषयगत विज्ञताको अभाव
- परामर्श सेवा सञ्चालनको लागी अपेक्षित सिपको अभावहरुलाई चुनौतिको रुपमा लिन सकिन्छ।

पक्षहरुको परामर्शलाई प्रभावकारी बनाउने उपायहरु[2]

पक्षसँगको परामर्शमा वैतनिक कानुन व्यवसायीले निम्नानुसार आफ्नो कला, कौशल र सीपको प्रदर्शन गरी परामर्शलाई प्रभावकारी बनाउन सकिन्छ।

- वैतनिक कानुन व्यवसायीले दिनुपर्ने परामर्श सम्बन्धित पक्षलाई स्वीकृत गर्ने वा नगर्ने स्वतन्त्रता दिनु पर्छ।
- परामर्श दिँदा गैर कानुनी र झुठ्ठा परामर्श दिनु हुँदैन।
- परामर्श दिँदा सहकर्मी,सहयात्री, साथी र सल्लाहकारको रुपमा आफूलाई प्रस्तुत गर्नुपर्छ।
- पक्षलाई आवश्यक भएको विषयवस्तुको शीर्षकमा मात्र परामर्शलाई केन्द्रित गर्नुपर्दछ।
- दिइएको परामर्शलाई पक्षले राम्ररी बुझेको छ, छैन ख्याल गर्नु पर्दछ।
- परामर्शको क्रममा पक्षलाई कुनै शंका, दुबिधा, भय, डर, त्रास भए त्यसको विकल्पमा रहेको कानुनी र व्यवहारीक समाधानहरु समेत पक्षलाई दिनुपर्दछ।
- परामर्शको क्रममा पक्षको शारिरिक, मानसिक, लिङ्ग, उमेर, जातजाती, भाषा,धर्मको अवस्था समेतको ख्याल गरी परामर्शको तिथि मिति समय यकिन गर्नुपर्छ।
- सकेसम्म एकैपटक परामर्श दिन उपयुक्त समयको निर्धारण गर्नुपर्दछ र पक्षको सहमतिमा मात्र समयसारिणी तय हुनु पर्दछ ।
- पक्षलाई डाक्टर वा अन्य कुनै सहयोगी संस्थाको जानकारी आवश्यक भए पक्षलाई परामर्श दिईयो दिइएन?

---

[2] http://njanepal.org.np/public/reports/21021144101-Rolhr_Report_Final_25%20April_2014.pdf (accessed on: June 18,2021)

- शिष्ट, नम्र, मृदु भाषाको प्रयोग गर्दै पक्षलाई सम्मान गर्नुपर्छ।
- परामर्शको शुरु र अन्त्य सकभर समयमा नै भयो, भएन?

सफल परामर्शका लागि वैतनिक कानुन व्यवसायीमा अपेक्षित गुणहरु

- समानुभूति हुनु
- सुन्ने क्षमता बढाउनु
- धैर्य गर्नु
- सहनशील र दयालु हुनु
- सही प्रश्नहरू फ्रेम गर्नु
- गोपनीयता कायम गर्नु
- सम्मान र व्यावसायिक सम्बन्धको एक दृष्टिकोण अपनाउनु
- गाईडको रूपमा सेवा गर्नु
- दलित र नम्रहरू विशेष गरी अनुसूचित जाति / जनजाति, महिला र बच्चाहरू प्रति बढी संवेदनशील हुन, Integrity अखण्डता कायम गर्न र उच्च मानक सेट गर्न

कानुनी लिखतको मस्यौदा र तयारी

मुद्दाको दर्ता देखि फैसलाको कार्यान्वयनको क्रममा अदालतमा पेश हुने र अदालतबाट मुद्दा र कारवाही र किनाराको सिलसिलामा तयार गरिने विभिन्न लिखतहरु अदालती लिखत हुन्। अदालतमा पेश हुने लिखतका मस्यौदामा फिरादपत्र, प्रतिउत्तरपत्र , पुनराबेदनपत्र ,रिट निबेदनहरु,दोहोरयाइ पाउँ निबेदन , पुनराबलोकन निबेदन , फैसला कार्यान्वयन संग सम्बन्धित निबेदनहरु र अन्य निबेदनहरु पर्दछन भने अन्य निकायमा पेश हुने लिखतका मस्यौदामा जाहेरी दर्खास्त लगायतका बिषयहरु समेटिन्छन।वैतनिक कानुन व्यवसायीले मुख्यतः निम्न अवस्थामा पक्षको तर्फबाट निःशुल्क रूपमा आवश्यक कानुनी लिखतको मस्यौदा र तयारी गर्नु पर्ने हुन्छः-

- कानुनी सहायता उपलब्ध गराउन तोकीदिएका मुद्दाहरूमा
- कारागारको भ्रमण गरी थुनुवा वा कैदीको तर्फबाट कुनै लिखत तयार गर्नु पर्ने भएमा
- मिलापत्र हुनेमा असहाय पक्षको तर्फबाट मिलापत्रको दर्खास्त लेख्ने
- आफूले कानुनी सहायता प्रदान गरेको मुद्दा फैसला भए पछि सो मुद्दामा पुनरावेदन गर्नु पर्ने भएमा
- वैतनिक कानुनन व्यवसायीको सेवा उपलब्ध हुन सक्ने पक्ष रहेको मुद्दामा फैसला कार्यान्वयनको सिलसिलामा त्यस्तो पक्षको तर्फबाट कुनै लिखतको तयारी वा प्रतिनिधित्व गर्नु पर्ने भएमा

लिखत मस्यौदा र तयारी सम्बन्धि विद्यमान अवस्था

वि सं २०२० सालको मुलुकी ऐनको अदालती बन्दोबस्तको महल र सरकारी मुद्दा सम्बन्धी नियमावली, २०१८ व्यवस्था अनुसार लिखतहरुको ढाँचा प्रमाणीकरण प्रक्रिया, अदालती लिखतहरुको नमुना र ढाँचाको व्यवस्था गरेको त्यसै गरी कानुनी लिखत उल्लेख हुनुपर्ने कुराका सम्बन्धमा सर्वोच्च अदालत नियामावली २०७४, उच्च अदालत नियमावली, २०७३ र जिल्ला अदालत नियमावली, २०७५ समेतले प्रष्ट पारेको । त्यसैगरी लिखतहरुको आवश्यकता, अवस्था र कानुनी ढाँचा समेतको लिखतका नमुनाहरु सम्बन्धित ऐन, नियमावलीको मातहतमा अनुसूचीहरुमा उल्लेख गरेको । यसका अतिरिक्त सेवाग्राहिहरुको सुविधाका लागी जिल्ला उच्च र सर्वोच्च अदालतमा पेशहुने सामान्य प्रकृतिका निवेदन हरुका ढाँचा अदालतका वेभसाइटमा समेत राखिएको छः-[3]

- जिल्ला अदालतसंग सम्बन्धित विभिन्न निवेदन-----७२
- उच्च अदालतसंग सम्बन्धित विभिन्न निवेदन-------५२
- सर्वोच्च अदालतसंग सम्बन्धित विभिन्न निवेदन----४७

[3] https://www.supremecourt.gov.np/web/yearlyrep. (accessed on June 18, 20021)

चुनौतिहरु

- अदालती लिखतहरु निश्चित ढाँचामा कानुनी रीत, प्रकृया पुरयाई पेश गर्नुपर्ने हुँदा लिखतको मस्यौदा गर्नु वास्तवमा चुनौतिपूर्ण कार्य हो।
- लिखतको मस्यौदा गर्ने कार्य कार्यबिधिगत बिषय हो तथापी यसले सारवान कानुनलाई नजर अन्दाज गर्न सक्दैन ।
- सारवान कानुनले दिएको अधिकार भित्र रहेर मात्र लिखत मस्यौदा गर्नु पर्दछ।
- सम्बन्धित पक्षको जुन सरोकारको बिषय छ त्यसमा रहेर मात्र अर्थात पक्षको हक अधिकार छ छैन हेर्नु पर्ने हुन्छ ।
- लिखत तयार गर्नु अगाडी हदम्याद , हकदैया र अधिकारक्षेत्रलाई बिचार गरिएन भने त्यसको परिणाम नकारात्मक हुन जान्छ ।
- लिखत तयारीमा सिलसिलाबद्धता , नम्रता , मिठासपन ,अरुको अधिकारप्रति सजगता ,कानुनको प्रयोगमा परिपक्वता जस्ता गुणहरु हुनुपर्दछ ।
- सामान्य त्रुटि हुँदा पनि कानुन सङ्गत पद्दति अपनाउनु पर्ने भएकाले अदालती लिखतको मस्यौदा तयार गर्नु चुनौतिपूर्ण कार्य भएको हो।

वैतनिक कानुन व्यवसायीबाट लिखतको तयारी कार्यलाई प्रभावकारी बनाउने उपायहरु

कानुनी लिखत लेख्दा वा तयार गर्दा गरिएको गल्तिले यसको प्रमाणिकता, वैधता र कार्यान्वयन्यता नै निश्प्रभावी हुन सक्छ। त्यसकारण अदालती मस्यौदा लेखनको कार्य गर्दा विभिन्न पक्षमा ध्यान दिनु पर्दछ।ती हुन्

ढाँचागत पक्ष

अदालती लिखत लेख्दा कानुनमा कुनै निश्चित ढाँचा भए सोही ढाँचा बमोजिम र ढाँचा नभएकोमा व्यवहारमा अवलम्वन गरिएको ढाँचा बमोजिम तयार गर्नु पर्दछ।लिखत तयार गर्दा लिखतको प्रकृति अनुसार पक्षहरुको नाम, ठेगाना, तीनपुस्ते, नागरिकता प्रमाण पत्र नं र लिखत गर्नुको उद्देश्य प्रष्ट रुपमा खुलाईनु पर्दछ। सादा नेपाली कागजमा लेख्नु

पर्दछ। कागजको प्रत्येक पृष्ठको शीर पुछारमा एक इन्च, बाँयातर्फ १.५ इन्च र दाँया तर्फ आधा इन्च तथा पहिलो पृष्ठको हकमा शीरतर्फ तीन इन्च ठाँउ छोडेको हुनुपर्दछ।

भाषागत पक्ष

- छोटा, शुद्ध र सरल वाक्यहरु प्रयोग गर्नु पर्दछ।
- लक्षित वर्गले बुझ्ने गरि लिखत लेख्नुपर्दछ।
- भाषिक शुद्धता हुने गरी व्याकरणका नियमहरुको पालना गर्नु पर्दछ।
- र, वा, तथा एवं आदि संयोजकको आवश्यकता अनुसार मात्र प्रयोग गर्नु पर्दछ।
- लैङ्गिक तटस्थता हुने गरी लेख्नु पर्दछ।
- समय सापेक्षित शब्द तथा उचित शब्दको चयन गर्नु पर्दछ। जस्तैः स्वास्नीको सट्टा श्रीमती वा पत्नी लेख्नु पर्दछ।
- रकम उल्लेख गर्दा अङ्क र अक्षर दुवैमा उल्लेख गर्नु पर्दछ।

कानुनी पक्ष

- कानुनले दिएको शर्त, सीमा बन्देजमा रही लिखत तयार गर्नु पर्दछ।
- कानुन बमोजिम लाग्ने दस्तुर, शुल्क बुझाउनु पर्दछ।
- हकदैया, हदम्याद, म्याद, क्षेत्राधिकारका सम्बन्धमा ध्यान दिनुपर्दछ।
- प्रमाणिकरण वा दर्ता गर्नु पर्ने लिखतलाई सम्बन्धित निकाय, कार्यालय, अदालतमा लगी दर्ता वा प्रमाणिकरण गर्नु पर्दछ।
- कानुनी आधार र नजिरको उल्लेख गर्नु पर्दछ।

विविध

लिखत तयार गर्दा जुन विषयको लिखत तयार गरिने हो सो विषय स्पष्ट रुपमा खुलाई त्यसमा कुनै अशुद्ध र केरमेट नहुने गरी छापी, टाईप गरी वा हातले लेखी तयार गर्नु पर्ने र त्यस्तो लिखतसँग सम्बन्धीत कारणीले सहिछाप गर्नु पर्दछ।

- दस्तखत गर्ने व्यक्तिले दस्तखत गर्दा नउड्ने पक्का मसिले गर्नु पर्दछ।

- कानुन बमोजिम साक्षी राखि तयार गर्नु पर्ने लिखतमा करार गर्न योग्य कम्तिमा दुई जना व्यक्ति साक्षी राखी निजहरुको रोहवरमा लिखत बमोजिमको काम भएको व्यहोरा उल्लेख गर्नु पर्दछ।
- ल्याप्चे सहिछाप गर्दा वा गराउँदा नउड्ने पक्का रँग भएको छाप वा अन्य साधनबाट औंलाको शङ्ख चक्रको रेखा रङ्गाई त्यसको छाप लिखतमा गर्न वा गराउनु पर्दछ।
- लिखत तयार गर्दा कारणवश अशुद्ध भएमा वा व्यहोरा फरक परी सच्चाउनु परेमा जुन वाक्य, शव्द, अङ्क वा अक्षर सच्चाउनु पर्ने हो सोही वाक्य, शव्द अङ्क वा अक्षर फरक परेको देखिने गरी केरी वा सङ्केत गरी जे जस्तो वाक्य, शव्द अङ्क वा अक्षर रहनुपर्ने हो त्यसरी कोरिएको ठाउँ भन्दा लगत्तै माथि वा तल लेखी सच्चाउनु पर्नेछ र त्यसरी कोरिएको वा सच्चाएको प्रत्येक ठाउँमा सम्बन्धीत कारणीले सहिछाप गर्नु पर्दछ।
- अदालती लिखतसँग सम्बन्धित आवश्यक प्रमाण कागजात संलग्न गर्नुपर्दछ र ती कागजातको लिखतमा उल्लेख गर्नु पर्दछ।

पक्षहरुको प्रतिनिधित्व र बहस पैरवि

बहस भन्नाले मुद्दाको पेशी तारिखमा पक्षको तर्फबाट अदालतमा उपस्थित भई छलफल गर्ने कुरा बहस हो जस अन्तर्गत जिरह गर्नु लगायतका कार्यहरु पर्दछन्।[4]भनै पैरवी भन्नाले बहसगर्ने र म्याद तारीखमा उपस्थित हुने बाहेक मुद्दामा पक्षको तर्फबाट अड्डा अदालत वा मुद्दा हर्ने अधिकारीको कार्यालयमा गरिने अन्य कार्यलाई पैरवी भनिन्छ।[5] पैरबी गर्ने अधिकार सम्बन्धमा कानुन व्यवसायी परिषद् ऐन २०५० को दफा २२(२) ले गरेको छ, जसमा पैरवी गर्ने अधिकार भन्नाले उपस्थित हुने र बहस गर्ने अधिकार बाहेक मुद्दाका पक्षकातर्फबाट अदालत वा मुद्दा हेर्ने अधिकारीको कार्यालयमा गर्नुपर्ने अन्य सबै कार्य गर्ने अधिकारलाई जनाउँछ।

---

[4]See. Advocate instruction , *Sanad Devkota,& Manish Kumar Shreatha:*2019,pg.395
[5] *Ibid*

पक्षहरुको प्रतिनिधित्व र बहस पैरविका अवस्था

- कानुनी सहायता उपलब्ध गराउन तोकीदिएका मुद्दाहरूमा निःशुल्क रूपमा आवश्यक कानुनी लिखत तयार गर्ने तथा मुद्दामा बहस पैरवी गर्ने
- फैसला कार्यान्वयनको सिलसिलामा प्रतिनिधित्व गर्ने
- साधक जाँचको सुनुवाइमा सरकारी पक्षलाई झिकाउँदा थुनामा रहेको प्रतिवादीको तर्फबाट प्रतिरक्षा गर्ने

पक्षकोतर्फवाट प्रभावकारी प्रतिनिधित्वका लागि वैतनिक कानुन व्यवसायीले ध्यान दिनुपर्ने कुराहरु :-

१.बहस पैरवी गर्दा केही विषयवस्तुको पूर्वावश्यक ज्ञान वा जानकारी (Requisite Knowledge)अवस्यक मानिन्छ । ती निम्नानुसार हुन सक्छन्।

- कानुनका सिद्दान्तहरुको ज्ञान
- प्रमाण र कार्यविधि सम्बन्धी कानूनः
- सम्बन्धित कानुन तथा नजिर सम्बन्धमा वैतनिक कानुन ब्यबसायी पूर्ण जानकार रहनु पर्दछ ।
- व्यवसायिक आचारःकानुन व्यवसायी सम्बन्धी व्यवसायिक आवार संहिता र इजलासको मर्यादा मापनहरु प्रति सम्मान गरिनुपर्छ।
- इजलाशबाट प्राप्त जिज्ञासा र अर्को पक्षबाट गरिएका हरेक प्रश्नको tactful जवाफ दिनुपर्दछ ।
- तर्क खूवीः कसरी तर्क गर्ने भन्ने विषयको पनि ज्ञान हुनु जरुरी छ र कुनै सानो विषय वा कुराको बारे पनि सामान्य जानकारी पनि उपयोगी हुन सक्छ।
- एउटै विषयलाई विविध ढंगले विश्लेषण गर्न सक्ने खुवी कानुन व्यवसायीमा आवश्यक मानिन्छ।
- सार्वजनिक र सामाजिक व्यवहारहरु बारे जानकारी

२. बहस/ प्रतिरक्षाको पुर्व तयारी

वैतनिक कानुन व्यवसायीले बहसकै दौरानमा बहसको पूर्वतयारी स्वरुप निम्न कुरामा ध्यान दिनुपर्ने हुन्छ।

- मिसिल आफैले हेर्ने, पढ्ने, टिपोट गर्ने जसबाट मुद्दा वा विवादको चित्रण झल्कन सकोस र स्मरण गर्न सकोस्।
- विपक्षीले उठाउने बुँदा बहसको खण्डनको पूर्वानुमान गर्ने र प्रतिवादको तयारी गरी राख्ने।
- वैतनिक कानुन व्यवसायीको आफ्नै पनि रेकर्ड प्रणाली र मिसिल व्यवस्थापन तथा श्रोत सामाग्रीको उचित भण्डारण र व्यवस्थापन जरुरी हुन्छ।
- मिसिल अध्ययन र बहस तयारीका क्रममा प्रस्तुत गर्नुपर्ने, हेर्नुपर्ने सम्बद्ध कानुन, कानुनी सिद्दान्त र नजीरको संकलन र साथै राख्नु पर्ने विषयले वैतनिक कानुन व्यवसायीको प्रस्तुतिको अब्बलतालाई बढाउन सक्छ।

३. बहस/प्रतिरक्षाको लागि इजलासमा उपस्थितिः

- समयनिष्ठ हुने
- औपचारिक र आधिकारिक पोशाकमा उपस्थित हुने
- तथ्य र कानुनको विषयलाई संक्षिप्त, सटिक र स्पष्ट ढंगले राख्न सक्नुपर्छ।
- इजलास समक्ष प्रस्तुतिको शैली र व्यक्तिगत व्यक्तित्वले सकारात्मक प्रभाव छाड्न सक्नु पर्छ।
- विषयलाई औचित्यपूर्ण र ठिक तरिकाले राख्न मिल्ने हदसम्म आफूलाई फाईदा पुग्ने ढंगले प्रस्तुत गर्न सक्नुपर्छ।
- अधिक स्वर शैलीमा प्रस्तुति नगर्नु वेश हुन्छ।

- प्रतिरक्षीलाई सकेसम्म इङ्कित नगर्ने र गर्नै परेमा पनि आदर, सम्मान र आत्मियतापूर्ण लवज प्रयोग गर्नुपर्छ।
- इजलासको मर्यादा सधै पालन गर्ने
- बहसमा उपस्थित हुने वैतनिक कानुन व्यवसायीले न्यायाधीशलाई विश्वस्त तुल्याउने प्रयोजनका लागि देहाय बमोजिम बहस प्रस्तुत गर्ने सीप विकास गर्नु पर्छ।
- सम्पूर्ण रुपमा आफ्नो पक्षको हितमा केन्द्रित रहने र जरुरी तथ्य मात्र उजागर गर्ने,
- आफ्नो प्रस्तुति विश्वासनीय रहेको बुझाउनका लागि आफ्नो तर्कलाई आधार कारणमा बेष्ठित तुल्याउने,
- विपक्षीको खण्डन बुँदाहरुलाई सहजै ग्रहण गर्ने र तत्काल उपयुक्त र तर्कसंगत जवाफद्वारा खण्डन गर्न सक्नुपर्छ।
- प्रस्तुत बहस सकेसम्म छिटो, छरितो र मिठासपूर्ण हुनुपर्छ।

४. बहस प्रस्तुतिको अन्त्य गर्ने विषय

- आफ्नो प्रस्तुतिलाई टुङ्ग्याउने चरण मुद्दा सुनुवाईको अत्यन्त महत्वपूर्ण पाटो हो।
- निचोडको भाषा चयन र विषय संवोधनको विशिष्टताले इजलासलाई कानुन व्यवसायीले दोहोर्याइ रहेको भन्ने भ्रम नपर्ने गरी गर्नुपर्छ।
- वैतनिक कानुन व्यवसायीहरुका पक्षहरु प्रति पेशेवर कर्तव्य र अदालत र समाज प्रति ठूलो जिम्मेदारी छ। कानुनको शासनलाई समर्थन गर्ने र सार्वजनिक न्याय प्रणालीको मुल्य र मान्यतालाई अभवृद्दि गर्ने दायित्व समेत भएकोले वैतनिक कानुन व्यवसायीहरुले आफ्नो कार्य कानुन, नियम र शिष्टाचार अनुरुप इमानदारीसाथ गर्ने अपेक्षा गरिन्छ ।

- असमर्थ पक्षलाई प्रभावकारी रुपले कानुनी सहायता प्रदान गर्न र कानुन व्यवसायको पेशामा सफलता हासिल गर्न कानुन व्यावसायीमा इमानदारी, साहस, परिश्रम, कुसाग्रता, वाणी, निर्णय क्षमता र मैत्रीपना जस्ता गुण हुनु आवस्यक मानिन्छ ।
- वकालतको पेशा व्यावसायिक नैतिकताको कुनै पनि उल्लंघन दुर्भाग्य र अस्वीकार्य हुने हुँदा वैतनिक कानुन व्यवसायीहरु पेशागत आचरणमा अडिग रही आफ्नो काममा लगनशील हुनुपर्दछ।